मिति २०८२/०६/२६ गतेका दिन गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु :

प्रस्ताव नं. १:

अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २:

दीर्घ रोगका विरामीको पहिलो त्रैमासिक उपचार खर्च सम्बन्धमा ।

प्रस्ताव नं. ३:

तमानखोला आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० को पहिलो संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ४:

उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५:

स्वीकृत दरबन्दी बाहेकमा कार्यरत अस्थाई तथा करारमा कार्यरत कर्मचारी सम्बन्धमा ।

प्रस्ताव नं. ६:

सडक मर्मत तथा सम्भार र सरसफाई सम्बन्धमा ।

प्रस्ताव नं. ७:

खेलकुद कार्यक्रमका लागि आर्थिक सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ८:

सूचना प्रविधि अधिकृतको तह मिलान सम्बन्धमा ।

प्रस्ताव नं. ९:

विविध सम्बन्धमा ।

Scanned with CamScanner

मिति २०८२/०६/२६ गतेको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १:

अघिल्लो गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरू केही कार्यान्वयन भएको र केही कार्यान्वयनको क्रममा रहेको हुँदा सोको प्रभावकारिता अभिवृद्धिका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नु पर्ने निचोड सहित अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २:

तमानखोला गाउँपालिकाका आ.व. २०८२/२०८३ मा नवीकरण तथा नयाँ थप भएका विभिन्न दीर्घ रोगका जम्मा २४ जना विरामीहरुले आ.व. २०८२/२०८३ को पहिलो त्रैमासिक (साउन देखि असोज मसान्तसम्म) को नियमानुसार पाउने औषधी उपचार खर्च अनुसूची १ बमोजिम भुक्तानी गर्ने ।

निर्णय नं. ३:

"तमानखोला आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" मा देहाय बमोजिम पहिलो संशोधन गर्ने ।

१) कार्यविधिको दफा ७ को उपदफा २ को सट्टा देहायको उपदफा २ राख्ने ।

देहायः

"(२) अस्पताल प्रमुख र समितिले तोकेको १ जना अस्पतालको कर्मचारीको संयुक्त हस्ताक्षरबाट खाता सञ्चालन गरिनेछ ।"

निर्णय नं. ४:

नेपाल सरकार, अर्थ मन्त्रालयको च.नं. ११८ मिति २०८२/६/७ गतेको पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/६/५ गतेको बैठकबाट क. आयोजनाको प्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापनका लागि भएका निर्णयहरु कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएका यस गाउँपालिकाबाट सञ्चालन हुने रु. १० लाखभन्दा बढीका आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वय नगर्ने । आयोजना टुक्र्याएर उपभोक्ता समितिबाट काम नगराउने ।

निर्णय नं. ५:

नेपाल सरकार, अर्थ मन्त्रालयको च.नं. ११८ मिति २०८२/६/७ गतेको पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/६/५ गतेको बैठकबाट ख. खर्च मितव्ययिता तथा स्रोत परिचालनका क्षेत्रहरु अन्तर्गत (५) संगठन संरचना सुधारका लागि भएका निर्णयहरुको कार्यान्वयन गर्ने सन्दर्भमा यस गाउँपालिकाको आवश्यकताका आधारमा विभिन्न समयमा सिर्जना गरेका स्वास्थ्यकर्मी, शिक्षक लगायत अन्य अस्थाई तथा करारमा कार्यरत कर्मचारीको करार सेवा तत्काल रद्द नगर्ने । उक्त कर्मचारी कार्यरत संस्थाको सेवा प्रवाहको अवस्था, जनशक्तिको आवश्यकता तथा वैकल्पिक

Scanned with CamScanner

व्यवस्थाको विश्लेषण गरी अस्थाई तथा करारमा कार्यरत कर्मचारीको व्यवस्थापनको विषयमा आगामी बैठकमा थप छलफल तथा निर्णय गर्ने ।

निर्णय नं. ६ः

तमानखोला गाउँपालिकाका विभिन्न सडक मर्मत तथा सम्भार र सरसफाईका लागि पहिलो चरणको मर्मत तथा सरसफाईको काम जति सक्दो चाँडो सम्पन्न गर्ने । दोस्रो चरणको सरसफाईको लागि वडागत तथा सडक अनुसारको लागत अनुमान तयार गरी मर्मत तथा सरसफाईको काम अगाडी बढाउने ।

निर्णय नं. ७ः

तमानखोला गाउँपालिका वडा नं. ६ स्थित नर्जाखानी युवा क्लबले नर्जाखानीमा सञ्चालन गर्ने दिपावली विशेष मेला, २०८२ का लागि खेलकुद विकास कोषबाट खर्च हुने गरी रु. २ लाख नगद आर्थिक सहयोग गर्ने ।

निर्णय नं. ८ः

स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८० को दफा (६) को उपदफा (१) बमोजिम सूचना प्रविधि अधिकृतलाई स्थानीय तहको सातौं तहको अधिकृत स्तरमा सम्झौता गरी कामकाज गराउन सकिने व्यवस्था भएको हुँदा तमानखोला गाउँपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत श्री अनिल छन्त्याल थापालाई मिति २०८२ असोज ०१ गतेदेखि लागु हुने गरी सातौं तहको अधिकृत स्तरमा करार सम्झौता गर्ने ।

Scanned with CamScanner